**मिति २०७३/०७/०५ गतेका दिन नि.प्र.जि.अ. श्री हरि प्रसाद पन्तज्यूको अध्यक्षतामा बसेको जिल्लास्थित कार्यालय/संस्थानहरुको प्रमुखको बैठकमा भएको निर्णय :-**

१. श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ६६, मिति २०७३/०५/१० को Adhessive Glue सम्वन्धी पत्रको व्यहोरा जानकारी भयो । तत् सम्बन्धमा १८ वर्ष मुनिका बालबालिकालाई Adhessive Glue को विक्री वितरणमा रोक लगाउने तथा सो को विक्री वितरण कार्यलाई सरोकारवाला निकायहरुले व्यवस्थित गराउने ।

२. श्री क्षेत्रीय प्रशासन कार्यालय, म.वि.क्षे., हेटौडाको च.नं. ४२५, मिति २०७३/०६/१८ को नेपाल सरकारको सरकारी तथा अर्धसरकारी कार्यालयबाट पत्राचार हुने लेटरप्याड नेपाल सरकारले तोकेको साईजमा लागू गर्ने/गराउने व्यवस्था सम्बन्धी पत्रानुसार निम्न बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउने :-

- नेपाल सरकारको लोगो ।
- कार्यालयको नाम र ठेगाना स्पष्ट लेखिनु पर्ने ।
- कार्यालयको सम्पर्क नम्बर ।
- कार्यालयको ईमेल, वेब साईट र फ्याक्स लम्बर उल्लेख हुनु पर्ने ।

३. श्री क्षेत्रीय प्रशासन कार्यालय, म.वि.क्षे., हेटौडाको च.नं. ४७१, मिति २०७३/०७/०२ को "सरकारी निकायहरुबाट दशैंको शुभकामना कार्ड छापेर राज्यकोषको दुरुपयोग गर्ने कार्य रोकियोस् र कार्यालय समयमा सबै कर्मचारीहरुलाई परिचयपत्र लगाउन अनिवार्य गर्नुपर्‍यो" सम्बन्धी पत्रको व्यहोरा अनुसार गर्ने/गराउने व्यवस्था मिलाउने ।

४. कार्यालय परिसर सरसफाई सम्बन्धमा - शुभ दिपावली २०७३ को सन्दर्भमा जिल्लास्थित सरकारी कार्यालय, संस्थान, प्रतिष्ठान, बोर्ड, परिषद् लगायतका कार्यालयले आ-आफ्नो कार्यालयको परिसरमा सरसफाई कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।

५. कर्मचारीको विवरण सम्बन्धमा - अत्यावश्यक सेवा संचालन गर्ने कार्यालय र सेवामा खटिने कर्मचारी र जिल्ला स्थित सरकारी कार्यालयमा पालो पहरामा खटिने कर्मचारीको विवरण जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराउने ।

६. सवारी साधन सम्बन्धमा - दिपावलीको अवसरमा शान्ति सुरक्षा र सुरक्षा गस्तीको लागि जिल्ला स्थित सरकारी कार्यालय, संस्थान, बोर्ड, प्रतिष्ठान तथा आयोजनाहरुले सवारी साधनहरु चुस्त दुरुस्त राखी जिल्ला प्रशासनको माग अनुसार ईन्धन र चालक सहितको सवारी साधन २०७३/०७/११ गते बेलुका सम्म जिल्ला प्रशासन कार्यालयमा आईपुग्ने गरी ऐ. १७ गते सम्मको लागि उपलब्ध गराउने ।